# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, पुस १८ गते २०३६ साल (अतिरिक्ताङ्क ४२

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी (आठौं संशोधन) नियमावली, २०३९

राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार देहायबमोजिमको नियमावली बनाइबक्सैको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "राजगुरुज्यू तथा मूल पुरोहितसम्बन्धी (आठौं संशोधन) नियमावली, २०३९" रहेको छ।

(२) यो नियमावली २०३६ साल पुस १ गतेदेखि प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ४(१)(ङ) मा संशोधन : मूल नियमावलीको नियम ४(१)(ङ) को सट्टा देहायको नियम ४(१)(ङ) राखिएको छः–

"(ङ) बडागुरुज्यू ७५ वर्ष, नायब बडागुरुज्यू ७० वर्ष र मूल पुरोहित ७५ वर्षको उमेर पुगेमा।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ:–

"६. पारिश्रमिक: राजगुरुज्यू तथा मूल पुरोहितहरूले देहायबमोजिम पारिश्रमिक पाउनेछन् :–

| | | |
|---|---|---|
| (क) बडागुरुज्यू | – | मासिक रू. २,४००।– |
| (ख) नायब बडागुरुज्यू | – | मासिक रू. २,०००।– |
| (ग) मूल पुरोहित | – | मासिक रू. १,८००।–" |

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

२९८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।